**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

जैमिनी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः १ मितिः २०७९/०८/१६

**भाग-२**

**जैमिनी नगरपालिका आमा र नवजात शिशु सुरक्षा कार्यक्रम संचालन निर्देशिका, २०७९**

**जैमिनी नगरपालिका**

# जैमिनी नगरपालिका आमा र नवजात शिशु सुरक्षा कार्यक्रम संचालन निर्देशिका, २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः- २०७९।०८।१६

**प्रस्तावना**

नेपालको संविधान, २०७२ ले आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपभोग गर्न पाउने जनताको अधिकारलाई प्रत्याभुत गरी प्रजनन स्वास्थ्यको हकको पनि सुनिश्चितता प्रदान गरेको हुँदा नेपाल सरकारले उपलब्ध गराउने सेवा सुविधामा बाधा नपुग्ने गरि घुम्ती ग्रामीण भिडियो एक्स -रे, गर्भवतीको साथी पोषण, महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका र स्वास्थ्यकर्मी, प्रसुतिको लागि यातायात सेवा कार्यक्रमलाई समावेश गरी **स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२)** मा भएको अधिकार लाई प्रयोग गरेर नगरकार्यपालिकाले **"जैमिनी नगरपालिका आमा र नवजात शिशु सुरक्षा कार्यक्रम संचालन निर्देशिका, २०७९"** स्वीकृत गरी जारी गरेको छ।

## परिच्छेद-१

### प्रारम्भिक

१. **सक्षिप्त नामः** यो निर्देशिकाको नाम **"जैमिनी नगरपालिका आमा र नवजात शिशु सुरक्षा कार्यक्रम संचालन निर्देशिका, २०७९"** रहेको छ ।

२. **प्रारम्भः** यो निर्देशिका तुरुन्त लागु हुनेछ ।

३. **परिभाषाः**

क. **"आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम"** भन्नाले जैमिनी नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार जैमिनी नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरू साथै आधारभुत स्वास्थ्य केन्द्रबाट नर्सिङ कर्मचारी र सम्बन्धित वडाको महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाको सहभागितामा पोषण प्याकेज सहितको घरभेट, प्रसूतिका लागि यातायात खर्च, ग्रामीण भिडियो एक्स-रे सम्बन्धी सम्पूर्ण क्रियाकलापलाई सम्झनु पर्दछ ।

ख. **"गर्भवती सेवा"** भन्नाले सेवाग्राहीले नेपाल सरकारको प्रोटोकल अनुसार कम्तिमा ४ पटक स्वास्थ्य संस्थामा जाँच गरेकोलाई सम्झनु पर्दछ ।

ग. **"आमा तथा नवजात शिशु सुरक्षा"** भन्नाले सुत्केरी प्रश्चात् आमा वा बच्चामा कुनै स्वास्थ्य समस्या देखा परेर आफ्नो स्वास्थ्य संस्था भन्दा माथिल्लो स्वास्थ्य संस्थामा प्रेषण गर्नुपरेमा आमा सुरक्षा कार्यक्रममा तोकिएको यातायात खर्च उपलब्ध गराउने साथै २ वर्ष मुनिका बालबालिकाको स्वास्थ्य सुरक्षालाई सम्झनु पर्दछ ।

घ. **"स्वास्थ्य संस्था"** भन्नाले जैमिनी नगरपालिका भित्रका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सुरक्षित प्रसुती सेवा प्रदान गर्ने शहरी स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य केन्द्रलाई सम्झनु पर्दछ।

ङ. **"यातायात खर्च"** भन्नाले जैमिनी नगरपालिकाले सेवाग्राहीलाई सुत्केरी हुने समयमा आकस्मिक रूपमा प्रेषण गर्नु परेमा सोको कारण खुलाई माथिल्लो स्वास्थ्य संस्थामा सेवा लिनका लागि नगरपालिका भित्रको प्रथम प्रेषण बिन्दु सम्म आउन लाग्ने खर्च उपलब्ध गराउने र उक्त प्रेषण बिन्दुले अन्यत्र प्रेषण गर्नु परेमा नजिकैको CEONC (Comprehensive Emergency Obstetric and New Born Care) केन्द्र सम्म जानका लागि आवश्यक यातायात खर्च उपलब्ध गराउने भन्ने सम्झनु पर्दछ ।

च. उपदफा (ङ) मा जुनसुकै कुरा उल्लेख भएतापनि आमा र बच्चाको ज्यान जोखिममा रही आकस्मिक रूपमा प्रेषण गर्न परेमा नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाबाट सोझै नजिकैको CEONC केन्द्रमा प्रेषण गरेमा पनि तोकिएको यातायात खर्च उपलब्ध गराउन बाधा पुग्नेछैन ।

छ. **"पहिलो सेवा बिन्दु"** भन्नाले गर्भवती महिला सुत्केरी सेवा लिनको लागि जुन स्वास्थ्य संस्थामा पहिला पुग्छिन् त्यही संस्थालाई सम्झनु पर्दछ ।

ज. **"प्रथम प्रेषण केन्द्र"** भन्नाले कुश्मीसेरा प्राथमिक स्वास्थ्य केन्द्रलाई सम्झनु पर्छ ।

झ. **"ग्रामीण भिडियो एक्स-रे घुम्ती सेवा"** भन्नाले तालिम प्राप्त नर्सिङ कर्मचारीबाट स्वास्थ्य संस्थामा गई गर्भवतीलाई आमा सुरक्षा कार्यक्रम र सेवा सुविधामा निःशुल्क प्रदान गरिने भिडियो एक्स-रे सेवा सम्झनु पर्दछ ।

## परिच्छेद-२

## आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम र सेवा सुविधा

४. जैमिनी नगरपालिका आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम अन्तरर्गत नगरपालिकाबाट स्वास्थ्य संस्था मार्फत देहाय बमोजिम सेवा सुविधा उपलब्ध गराइने छ ।

४.१. गर्भवती भएको शंका हुने बितिकै महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका मार्फत निःशुल्क urine pregnancy test गर्ने व्यवस्था गरिने छ ।

४.२. गर्भवती भएको थाहा भएपछि ९० दिन सम्म folic acid र ९० दिन पछि सुत्केरी भएको ४२ दिन सम्म calcium निःशुल्क उपलब्ध गराइनेछ ।

४.३. गर्भवती लगतै, सुत्केरी पछि र बच्चा ६ महिना पुगेपछि आमा र बच्चालाई पोषण सम्बन्धी सम्पूर्ण जानकारी खुल्ने कार्ड (बधाई तथा शुभकामना कार्ड) र पोषण प्याकेज सहित स्वास्थ्य-कर्मी र महिला स्वास्थ्य स्वयम् सेविका मार्फत घर भेटको व्यवस्था गरिने छ। गर्भवती तथा सुत्केरी घर भेट र बच्चा ६ महिना पुगेपछि आमा र बच्चालाई व्यवस्था गरिने पोषण प्याकेज जम्मा रु ३,५००।— (अक्षरुपी तीन हजार पाँच सय) बराबरको हुनेछ। उक्त पोषण प्याकेज

प्राप्त गर्न प्रोटोकल अनुसारको कम्तीमा चार पटकको जाँच पुरा गरी जैमिनी नगरपालिका भित्रका स्वास्थ्य संस्थामा सुत्केरी भएको हुनु पर्नेछ र गर्भसँग सम्बन्धित जटिलताका कारण स्वास्थ्य संस्थाको सिफारिसमा नगरपालिका बाहिर गएर सुत्केरी भएमा पोषण प्याकेज उपलब्ध गराउन सकिने छ। स्व-इच्छाले बाहिर गई सुत्केरी भएमा सुत्केरी पश्चात्को पोषण प्याकेज उपलब्ध गराइने छैन। पोषण प्याकेजमा राखिने सामाग्रीको विवरण स्वास्थ्य शाखाले निर्धारण गर्ने र सम्बन्धित स्वास्थ्य संस्थाले नगरपालिकाको जिन्सी शाखासँगको समन्वयमा खरिद गरी वितरण गर्नु पर्नेछ र बजार मूल्यको सापेक्षतामा रहेर सामाग्रिमा हेरफेर समेत हुन सक्ने छ ।

४.४.जैमिनी नगरपालिकाले सेवाग्राहीलाई सुत्केरी हुने समयमा आकस्मिक रुपमा प्रेषण गर्न परेमा कारण खुलाई माथिल्लो स्वास्थ्य संस्थामा सेवा लिनका लागि नगरपालिका भित्रको प्रथम प्रेषण बिन्दु सम्म आउन लाग्ने खर्च उपलब्ध गराउने र उक्त प्रेषण बिन्दुले प्रेषण गर्नु परेमा नजिकैको CEONC केन्द्र सम्म जानका लागि आवश्यक यातायात खर्च उपलब्ध गराउने छ। जसको दररेट अनुसूची -१ अनुसार हुनेछ ।

४.५.गर्भवतीको समयमा आउने समस्याको समयमै पहिचान गरी प्रेषण गर्ने उदेश्यले ग्रामिण भिडियो एक्सरे घुम्ती सेवा संचालन गरिने छ ।

४.६.यातायातको साधन प्रयोगको लागि कुश्मीसेरा प्राथमिक स्वास्थ्य केन्द्रमा रहेको एम्बुलेन्सलाई प्राथमिकता दिनुपर्नेछ । एम्बुलेन्स सम्भव नहुने स्थानका लागि कार्यपालिकाले निर्धारण गरेको एम्बुलेन्सको दर रेट अनुसार यातायात खर्च उपलब्ध गराउनु पर्नेछ ।

४.७. यसरी उपलब्ध गराउने यातायात खर्चको लागि दररेट अनुसुची १ अनुसार हुनेछ ।

४.८.जैमिनी नगरपालिका आमा सुरक्षा कार्यक्रम संचालन निर्देशिकाले नेपाल सरकारको आमा सुरक्षा कार्यक्रम लाई कार्यान्वयन गर्नको लागि कुनै बाधा पुर्याउने छैन ।

## <u>परिच्छेद-३</u>

### सेवा प्रदायक स्वास्थ्य संस्था र सेवाप्रदायकले पाउने सेवा सुविधा

**५.** जैमिनी नगरपालिकाले खर्च गर्न अख्तियारी प्राप्त भए प्रश्चात् खर्चको व्यवस्था गरिनेछ ।

**६.** जैमिनी नगरपालिकाले आफू मातहतका स्वास्थ्य संस्थाको प्रमुख वा नर्सिङ् कर्मचारीलाई दुई चरणमा अनुमानित सुत्केरी संख्याको आधारमा पेश्की रकम उपलब्ध गराउनेछ र स्वास्थ्य संस्थाले पोषण प्याकेज र यातायात खर्च उपलब्ध गराउनेछ ।

**७.** जैमिनी नगरपालिका भित्र कार्यक्रम लागु भएका स्वास्थ्य संस्थाहरुलाई नगरपालिकाद्वारा दुई किस्तामा पेश्की दिइनेछ र पहिलो किस्ता खर्च भएको सम्पूर्ण रकम भुक्तानी गरि बिल, भरपाई कागजातहरु र प्रतिवेदन सहित नगरपालिकामा पेश भएपछि अन्तिम किस्ता दिइने छ । अन्तिम

किस्ता पेश्की चालु आर्थिक वर्षको असार मसान्त भित्र सम्बन्धित स्वास्थ्य संस्था मार्फत फछ्यौंट गरिसक्नु पर्नेछ ।

८. महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाले पोषण प्याकेज सहितको घरभेटमा र गर्भवतीलाई स्वास्थ्य संस्थामा जाँचको लागि पठाए बापत नेपाल सरकारले महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाको लागि गरिदिने विमा कार्यक्रममा थप पचास प्रतिशत रकम उपलब्ध गराई निःशुल्क बिमाको ब्यबस्था गर्नेछ ।

९. ग्रामीण भिडियो एक्स-रे घुम्ती सेवा संचालन गर्दा तालिम प्राप्त स्वास्थ्यकर्मी र एक जना सहयोगी कर्मचारी लाई नियमअनुसार दैनिक भ्रमण भत्ताको ब्यवस्था हुनेछ । दैनिक भ्रमण भत्ताको ब्यवस्था नहुने हकमा दैनिक भत्ता रु.१५००|- (अक्षरुपी पन्ध्र सय रुपैयाँ ) र सहयोगी कर्मचारीलाई रु. १०००|- (अक्षरुपी एक हजार रुपैयाँ ) व्यवस्था हुनेछ ।

१०. जैमिनी नगरपालिका आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रमका लागि आवश्यक वजेट रकम नगरपालिकाको बार्षिक कार्यक्रम अनुसार जैमिनी नगरपालिकाबाट व्यवस्था हुनेछ ।

## परिच्छेद-४

## विविध

११. जैमिनी नगरपालिका आमा सुरक्षा कार्यक्रमको व्यवस्थापन, सुपरीवेक्षण तथा अनुगमन, समिक्षा जैमिनी नगरपालिकाका जनप्रतिनिधिहरू, प्रमुख प्रशासकीय अधिकृत वा निजले खटाएका कर्मचारी, स्वास्थ्य शाखा र मातहतका स्वास्थ्य संस्थाबाट हुनेछ ।

१२. सेवाग्राहीले सेवा पाएको अनुगमन स्वास्थ्य शाखाले सुनिश्चतता गर्नु पर्नेछ।कार्यक्रमसँग सम्बन्धित अभिलेख तथा प्रतिवेदन स्वास्थ्य संस्थाले अनिवार्य राख्नु पर्नेछ ।

१३. ग्रामीण भिडियो एक्स-रे घुम्ती सेवा संचालन गर्दा नियम अनुसार खाजा खर्च र भिडियो एक्स-रे मेसिन ढुवानी गर्दा ढुवानी खर्च बापत रु. ५०००|- (अक्षरुपी पाँच हजार रुपैंया) खर्च गर्न सकिने छ ।

१४. "बाधा अड्काउ फुकाउ" यो निर्देशिका कार्यान्वयनको क्रममा कुनै वाधा आई परेमा नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

१५. १. गर्भवतीले आकस्मिक प्रेषण हुँदा अनुसुची-१ अनुसारको यातायात खर्च प्राप्त गर्न निवेदन दिनु पर्नेछ ।

१५. २.गर्भवतीले यातायात खर्च प्राप्त गर्न दिने निवेदनको ढाँचा अनुसुची-२ अनुसारको हुनेछ।

१६. १. गर्भवतीले आकस्मिक प्रेषण हुँदा यातायात खर्च बुझेको भरपाई गर्नु पर्नेछ ।

१६. २. गर्भवतीले आकस्मिक प्रेषण हुँदा यातायत खर्च बुझेको भरपाईको ढाँचा अनुसुची -३ अनुसारको हुनेछ ।

## अनुसूची-१
### (दफा ४ को उपदफा ४.४ संग सम्बन्धित)
### जैमिनी नगरपालिका अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्रबाट संचालित एम्बुलेन्सको गर्भवतिलाई आकस्मिक प्रेषण गर्दाको दररेट

| क्र.स. | स्थान | दररेट | | कैफियत |
|---|---|---|---|---|
| | | प्राथमिक स्वास्थ्य केन्द्र सम्म | बाग्लुङ सम्म | |
| १ | जैमिनी १ कुश्मीसेरा | ० | ३००० | धौलागिरी प्रादेशिक अस्पताल बाग्लुङ बाट पोखरा प्रेषण गर्न परेमा थप रू. ४५००।- दिन सकिने छ। |
| २ | जैमिनी २ दमेक | १५०० | ४००० | |
| ३ | जैमिनी ३ नेपाने | ३५०० | ६००० | |
| ४ | जैमिनी ४ सर्कुवा | १५०० | ४००० | |
| ५ | जैमिनी ५ बिनामारे | १५०० | ४००० | |
| ६ | जैमिनी ६ अर्जेवा | २००० | ४५०० | |
| ७ | जैमिनी ७ जैदी | २५०० | ५००० | |
| ८ | जैमिनी ८ छिस्ती | ३५०० | ६००० | |
| ९ | जैमिनी ९ पैंयुथन्थाप | २००० | ४५०० | |
| १० | जैमिनी १० राङखानी | ३००० | ५५०० | |

द्रष्टव्यः- नगरपालिकाले उपलब्ध गराउने यातायात खर्च आकस्मिक प्रेषण गर्नु परेमा मात्र उपलब्ध गराइने यातायात खर्च हो । यो रकम प्राप्त गर्न प्रथम सेवा बिन्दुमा आएको र त्यहाँबाट प्रेषण हुन पर्ने भएमा नजिकैको CEONC केन्द्रमा गई सुत्केरी भए पश्चात उक्त संस्थाबाट डिस्चार्ज गरेको कागज र बच्चाको जन्म प्रमाणपत्रको प्रतिलिपी सम्बन्धित वडाको स्वास्थ्य संस्थामा पेश गर्नुपर्ने छ । र यातायात खर्च बराबरको रकम उक्त स्वास्थ्य संस्था मार्फत उत्तर प्रसुती जाँच भेटको बेला प्राप्त गर्न सकिने छ। उक्त रकममा एम्बुलेन्स प्रयोग गरेमा कुनै पनि करकट्टी नलाग्ने र अन्य साधन प्रयोग भएमा १०% करकट्टी लाग्नेछ ।

# अनुसूची-२

**(दफा १५.२ सँग सम्बन्धित )**

**गर्भवतीले यातायात खर्च प्राप्त गर्न दिने निवेदनको ढाँचा**

**श्री स्वास्थ्य चौकी प्रमुख / प्राथमिक स्वास्थ्य केन्द्र प्रमुख ज्यू**

**जैमिनी नगरपालिका ,बाग्लुङ**

महोदय,

मैले जैमिनी नगरपालिकाको आमा र नवजात शिशु सुरक्षा कार्यक्रम संचालन निर्देशिका २०७९ मा व्यवस्था भए अनुसार यस स्वास्थ्य संस्थामा सुत्केरी हुन नसक्दा माथिल्लो स्वास्थ्य संस्थामा जानको लागि यातायात खर्च रकम उपलब्ध गराईदिनु हुन यो निबेदन पेश गरेकी छु ।

१. निवेदक गर्भवतीको नाम थर-

२. उमेर-

३. ठेगाना- जै. न. पा. वडा न –

४. प्रेषण गर्ने स्वास्थ्य संस्था –

५. प्रेषण गरिएको स्वास्थ्य संस्था –

६. हस्ताक्षर – .....................

**कार्यालय प्रयोजनका लागि सम्बन्धित कर्मचारीले भर्ने**

१. मुल दर्ता नं.-

२. प्रसुति दर्ता नं. -

३.भर्ना मिति -

४. प्रेषण गरेको मिति -

५.आकस्मिक प्रेषण गरेको स्वास्थ्य संस्था-

६.आकस्मिक प्रेषण गर्नु परेको कारण–

**स्वास्थ्य संस्थाको सिफारिस**

दरखास्तवालाले स्वास्थ्य संस्थाबाट आकस्मिक प्रेषणको लागि निर्देशिकामा व्यवस्था भए अनुसारको यातायात खर्च उपलब्ध भएको प्रमाणित गर्दछु ।

दस्तखत

नाम -

पद-

मिति-

## अनुसुची-३

### (दफा १६.२ सँग सम्बन्धित )

### गर्भवतीले आकस्मिक प्रेषणको लागि यातायात खर्च रकम बुझेको भरपाई

लिखितम् भरपाई दादै जैमिनी नगरपालिका वडा नं. .........निवासी म ............................ ले यस .............................. मा सुत्केरी हुन नसकी............................................. मा सुत्केरी हुन जाँदा जैमिनी नगरपालिका आमा र नवजात शिशु सुरक्षा कार्यक्रम संचालन निर्देशिका,२०७९ मा भएको व्यवस्था अनुसार यातायात खर्च रु............रकम बुझिलिई यो भरपाई गरिदियौं ।

१. लाभग्राहीको नाम थर-

२. उमेर-

३. ठेगाना- जै. न. पा. वडा न –

४. प्रेषण गर्ने स्वास्थ्य संस्था –

५. प्रेषण गरिएको स्वास्थ्य संस्था –

६. संलग्न कागजातहरू

६.१. अस्पतालले डिस्चार्ज गरेको कागजातः भएको/नभएको

६.२. बच्चाको जन्म प्रमाण पत्रः भएको/नभएको

७. हस्ताक्षर -